# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## पिपरा गाउँपालिका

## महोत्तरी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या : २०७६।७७ मिति : २०७७।३।३१
च.नं. २३५

श्री अध्यक्ष ज्यू,
पिपरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, महोत्तरी ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६।०७७ मितिः २०७७।३।३१
च.नं २३५

श्री अध्यक्ष ज्यू,
पिपरा गाउँपालिका
पिपरा,महोत्तरी ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले पिपरा गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु ७ करोड ८८ लाख ३३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ६९ लाख ४२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ५ करोड २८ लाख ५३ हजार नियमित गर्नुपर्ने रु ३ लाख ३६ हजार पेश्की बाँकी रु १ करोड ८७ लाख २ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।११।२६मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहित प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्यौट नभई कायम भएका व्यहोराको अन्तिम प्रतिवेदन पाना ४३ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

.......................
(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

# पिपरा गाउँपालिका

## लेखापरिक्षण प्रतिवेदन

## २०७५।०७६

**परिचय :-**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाँउपालिका स्थापनाको प्रमुख उदेश्य हो । २ नं. प्रदेशमा अवस्थित यस गाँउपालिका अर्न्तगत ७ वडा, ३५ सभा सदस्य रहेका छन् । ३९.९८ व.की.मी.क्षेत्रफल ओगटेको यस पालिकाको जनसंख्या ३५५२८ रहेको छ ।

**स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पिपरा गाउँपालिकाले प्राप्त गरेका आय,अनुदान तथा साहायता र स्थानीय सरकारबाट संचालन भएको आय-व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि.नं. | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ६६६१८४४५।२० | १ | **चालु खर्च** | | २०३५५०७४८।४९ |
| | क) नगद | ०।०० | | | सामाजिक सुरक्षा | ४७२५५६००।०० | |
| | ख) बैंक | ६६६१८४४५।२० | | | गरिबसंग विशेश्वर कार्यक्रम | ०।०० | |
| २ | **राजश्व (आन्तरीक आय)** | | ५९८४०७२३।०३ | | बहुक्षेत्रिय पोषण कार्यक्रम | १४२५०००।०० | |
| | क) आन्तरीक राजश्व | ५९४०८५७०५ | | | सशर्त अनुदान संघ | ११४६६३२९३।७८ | |
| | ख) राजश्व बांडफांड | ५३७६५३१५।९८ | | | सेवा निवृत्त संचित विदा | ०।०० | |
| | ग) अन्य आय | १३४५५०।०० | | | औषधी उपचार | ०।०० | |
| ३ | **वित्तिय हस्तानान्तरण** | | २५३०४९२५०।०० | | संघ राजश्व बांडफांड | ३२८१०६३२।११ | |
| | क) वित्तिय समानीकरण अनुदान | १११००००००।०० | | | आन्तरीक चालु | ५८२१२२२।६० | |
| | ख) सशर्त अनुदान | १४२०४९२५०।०० | | | अन्य खर्च कोष | ५७५०००।०० | |
| | ग) समपुरक अनुदान | ०।०० | | | यनिसेफ किशोरी शिक्षा कार्यक्रम | १००००००।०० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ७९४३०००।०० | २ | **पुंजीगत खर्च** | | ५०३०४६९८।०८ |
| | क) वित्तिय समानीकरण अनुदान | २९४३०००।०० | | | **संघिय सरकार** | | |
| | ख) सशर्त अनुदान | ५००००००।०० | | | समानिकरण | ३८३५५३४३।०० | |
| | ग) समपुरक अनुदान | ०।०० | | | राजश्व बांडफांड | | |
| | घ) विशेष अनुदान | ०।०० | | | समपुरक अनुदान | ०।०० | |
| | ङ) प्रदेश राजश्व बांडफांड | ०।०० | | | बिशेष अनुदान | ०।०० | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ०।०० | | **प्रदेश सरकार** | | |
| ६ | **वित्तिय व्यवस्था प्राप्ती** | | ०।०० | | समानिकरण | २९०२४८०।०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) ऋण प्राप्ति | | ०।०० | | सशर्त प्रदेश | २३२६५४०।०० | |
| ७ | **विभिन्न कोष तर्फको आय** | | ०।०० | | स्थानीय पूर्वाधार कार्यक्रम | ५४६८४१२।०८ | |
| ८ | जनसहभागिता (नगद) | | ०।०० | | झोलुगें पुल | ४३१११३।०० | |
| १० | धरौटी आय | | ०।०० | | प्रधानमन्त्री रोजगार कार्यक्रम | ५१५८१०।०० | |
| ११ | लगानीको सांवा फिर्ता | | ०।०० | ३ | स्थानीय सामुदायिक विकास कार्यक्रम | ३०५०००।०० | |
| १३ | राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम | | ०।०० | ५ | धरौटी फिर्ता | | ० |
| १४ | स्थानीय शासन तथा पूर्वाधार विकास | | ३०५०००।०० | | **मौज्दात** | | |
| १५ | प्रधानमन्त्री रोजगार कार्यक्रम | | २४२६०००।०० | | क) नगद मौज्दात | ०।०० | |
| १६ | सामाजिक सुरक्षा | | ४९२५८०००।०० | | ख) बैंक मौज्दात | | १५७९०३४९०।५२ |
| १७ | स्थानीय पूर्वाधार कार्यक्रम | | ६९०००००।०० | | आन्तरीक स्रोत | ११९६३४।४५ | |
| १८ | झोलुगें पुल | | १४०००००।०० | | समानीकरण संघ | ७२६४४६५७।०० | |
| १९ | गरिबसंग विशेश्वर कार्यक्रम | | ०।०० | | समपुरक अनुदान | ०।०० | |
| २० | मधेश समृद्धी कार्यक्रम | | ०।०० | | राजस्व वाडफांड | २०९५४६८३।८७ | |
| २१ | बहुक्षेत्रिय पोषण कार्यक्रम | | १४२५०००।०० | | समानीकरण प्रदेश | ४०५२०।०० | |
| २५ | यनिसेफ किशोरी शिक्षा कार्यक्रम | | १००००००।०० | | गत वर्षको रकम | ६४१४३९९५।२० | |
| २७ | विशेष अनुदान संघ | | ०।०० | ६ | **अनुदान फिर्ता बाँकी** | | ३८४०६४८१।१४ |
| | | | | | सशर्त संघ गत र यस आ.व.को. | २९४१९९५६।२२ | |
| | | | | | ससर्त प्रदेश | २६७३४६०।०० | |
| | | | | | प्रधानमन्त्री रोजगार कार्यक्रम | १९१०१९०।०० | |
| | | | | | स्थानीय पूर्वाधार कार्यक्रम | १४३१५८७।९२ | |
| | | | | | समाजिक सुरक्षा | २००२४००।०० | |
| | | | | | झोलुगें पुल | ९६८८८७।०० | |
| | | | | | | | |
| | जम्मा : | | ४५०१६५४१८।२३ | | | | ४५०१६५४१८।२३ |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| | महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७६ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी गाँउपालिकाको आर्थिक बर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छन :- | |
| १. | **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, ०६४ को नियम ९६ मा कार्यालय प्रमुखले राजश्व, धरौटी तथा बिनियोजतर्फको आन्तरिक लेखापरीक्षण गराई देखिएको बेरुजु फछ्र्यौट गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी लेखापरीक्षण गराउनु पर्नेमा आन्तरिक लेखापरिक्षण शाखा गठन गरेको छैन । सशर्त अनुदान तर्फको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण अन्तिम लेखापरीक्षणको समयमा गरेको भएतापनि प्रतिवेदन पेश भएको छैन । चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण नगरेको कारण आन्तरिक नियन्त्रण कमजोर हुने र श्रेस्तामा रहेको कमी कमजोरी समयमै सुधार गर्न नसकिने भई अन्तिम लेखापरीक्षणलाई समेत समय र लागत बढी लाग्न जाने हुन्छ । अतः ऐन नियमको व्यवस्था अनुसार चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोवारलाई नियमित र पारदर्शी बनाउनु पर्दछ । | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ऐनमा व्यवस्था भए बमोजिम आर्थिक बर्ष २०७५।७६ को आय व्ययको विवरण २०७६।३।१०मा सभामा पेश गरेकोमा २०७५।४।२८मा सभावाट स्वीकृत भएको देखियो । | |
| ३. | **नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) प्रतिवेदन तयार गरेको :** स्थानीय तहले आर्थिक वर्ष २०७५।७६ देखि नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित लेखा राखी प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले सो अनुरुप लेखा तयार गरी प्रतिवेदन गरेको देखिएन । नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार लेखा राख्ने व्यवस्थालाई कार्यान्वयन गर्नुपर्दछ । | |
| ४. | **विद्युतिय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाँउपालिका तथा नगरपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सफ्टवेयरले पेश्कि रकमलाई दोहोरो वजेट खर्च देखाउने, भौचरहरु सहज तरिकाले परिमार्जन गर्न मिल्ने देखिएकोले विद्युतिय प्रणालीमा राखिएको लेखा भरपर्दो देखिएन । सफ्टवेयरको विश्वसनियता परीक्षण गरी सम्वन्धित निकायवाट स्विकृति समेत लिएको नदेखिएकोले गाँउपालिकाको आय-व्ययको हिसाव यथार्थपरक छ भनि विश्वस्त हुन सकिएन । | |
| ५. | **मध्यकालीन खर्च संरचना :**अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले आर्थिक वर्षमा आ-आफनो कार्यक्षेत्र भित्रका बिषयहरुमा सार्वजनिक खर्चको अनुमानित बिवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालीन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले सार्वजनिक खर्च व्यवस्थापन प्रभावकारी बनाउन यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन। सीमित श्रोत साधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्न, लोकप्रियताका लागि वितरणमुखी र बजेट छर्ने प्रबृत्तीमा नियन्त्रण गर्न र योजनाको लाभ लागत बिश्लेषण गरी प्रभावकारी बनाउन मध्यकालीन खर्च सँरचनालाई कार्यन्वयन गर्न पालिकाले ध्यान | |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| | दिनु पर्दछ । | |
| ६. | **खरिद योजना :** सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८ मा बार्षिक १० लाख भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले बार्षिक खरिद योजना तयार नगरी पटक पटक गरी सोझै खरिद गर्ने गरेकोले खरिद कार्य मितव्ययी , पारदर्शी र नियमसम्मत छ भनी बिश्वस्त हुन सकिएन । ऐन नियम बमोजिम सोझै खरिद गर्ने ,शिलबन्दी दरभाउपत्रबाट खरिद गर्ने र बालेपत्रको माध्यमबाट खरिदगर्ने रकम र समय सिमा निर्धारण गरी नियमसम्मत र पारदर्शीरुपमा खरिद गर्न ध्यान दिनुपर्दछ । | |
| ७. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । गाँउ सभावाट वजेट स्वीकृत भई प्रमुख प्रशासकीय अधिकृतलाई २०७६।४।२९मा खर्च गर्ने अख्तियारी दिएको देखियो । | |
| ८. | **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् :<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा नगरेको ,<br>• गाँउपालिका वडा कार्यालयमा रहेको जिन्सी आधावधिक नभएको र जिन्सी निरीक्षण गरी प्रतिवेदन नदिएकोले जिन्सीको हिनामिना तथा दुरुपयोग हुन सक्ने ,<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको,<br>• स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा निर्धारित कार्यक्रममा खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये ९९.३८ प्रतिशतनै तेश्रो चौमासिकमा खर्च गरेको,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>• वार्षिक  कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार नगरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेमा दररेट निर्धारण नगरेको र भँगहा , बिजलपुरा र बर्दिवासको दररेट जिल्ला दररेट भन्दा कम रहेकोमा  नघटाई जिल्लादर रेट र ३० किलोमीटर लिड समेतको ढुवानी खर्च  दिई निर्माण लागतमा व्ययभार पारेको ,<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले “भुक्तानी भएको” जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार नगरेको,<br>• कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको | |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| | लागि अर्धवार्षिक रुपमा मौजुदा सूची तयार नगरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।<br>• विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री र ढुवानी गर्दा ढुवानीको कर बिजक जारी नगरीप्यान बिल र भर्पाइ मात्र संलग्न गरेको पाइयो ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाख भन्दा बढिको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा कुनै पनि निर्माण कार्यको विमा गराएको छैन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।<br>• सार्वजनिक निर्माण कार्यहरुको अधिकांश लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।<br>• कन्टिन्जेन्सी खर्चको वर्क स्टाफ चार्जमा १.५ प्रतिशत र अन्य सानातिना कार्यमा १.५ प्रतिशत अनुपात मिलाई खर्च गरेको अभिलेख रजिष्टर नराखेको,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कर्मचारीको पद अनुसार कार्य विवरण बनाई लागु नगरेको,<br>• कार्यक्रमगत खर्च खाता नराखेको कारण कार्यक्रमगत प्रगति यकिन गर्न नसकिएको,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको छैन । | |
| ९. | **जिन्सी अभिलेख :** आर्थिक कार्यविधि नियमाबली, २०६४ को नियम ४७ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अधावधिक गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको साविक गा.वि.स. र बिषयगत शाखाको सम्पूर्ण चल, अचल सम्पति र जिन्सी अभिलेख प्राप्त गरी गाँउपालिकाको जिन्सी तथा सम्पत्ति रजिष्टरमा अभिलेख नराखेको, यस वर्ष खरिद गरेका कतिपय खप्ने तथा नखप्ने मालसामान जिन्सी दाखिला नगरेको, गाँउपालिकाले खरिद गरेको मालसामान को जिन्सी दाखिला नगरेको कारण गाँउपालिका अन्तर्गत के कति सम्पत्ति र दायित्व रहेको छ यकिन गर्ने आधार भएन । गाँउपालिकाको स्वामित्वमा रहेको भवन , जग्गा , सवारी साधन , कम्पयूटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान सम्बन्धमा हिनामिना ,दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न छानबीन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरी प्रमाण पेश गर्नु पर्दछ । | |
| १०. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाँउ प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा गाँउ प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयन उचित सार्थकता नपाउने हुँदा अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.न.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td>११.</td><td>राजस्व लेखा र श्रेस्ता सम्बन्धमाः आर्थिक कार्यविधि २०५५ को दफा १२ मा राजस्व संकलन, दाखिला र राजस्व श्रेस्ता सम्बन्धमा उल्लेख गरिएको छ । जसअनुसार राजस्व श्रेस्ता खडा गर्ने सम्बन्धमा नेपाल सरकारको सिफारिसमा महालेखापरीक्षकबाट विभिन्न फाराम तथा खाताको व्यवस्था छ । राजस्व आर्जन गर्ने हरेक निकायले उल्लेखित फाराम तथा खाताहरुको प्रयोग गरी राजस्व श्रेस्ता अद्यावधिक गर्नुपर्दछ । यस कार्यालयले यस वर्ष प्राप्त गरेको विभिन्न किसिमका राजस्व (मालपोत दस्तुर, पञ्जीकरण शुल्क आदि) आर्जन गरेकोमा रसिद नियन्त्रण खाता, आम्दानी रसिदको प्रविष्टिको लागि प्रयोग गरीने दैनिक आम्दानी खाता ( म.ले.प.फा.नं. १०८) खाता तथा विवरण राखेको पाईएन । यस्तो अवस्थामा राजस्व आम्दानी लक्ष्य अनुसार भयो भएन एकिन गर्न सकिदैन र राजस्व दाखिला भएको रकमलाईनै वास्तविक आय मान्नुपर्ने हुँदा राजस्व संकलनमा अनियमितता हुन सक्ने सम्भावना हुन्छ । अतः कार्यालयले उल्लेखित खाता तथा विवरण राखि राजस्व श्रेस्ता अद्यावधिक गरी राजस्व संकलनमा प्रभावकारीता अभिवृद्धि गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२.</td><td>श्रोत अनुमान तथा वजेट सिमा : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याईएतापनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३.</td><td>योजनागत लक्ष्य प्रगति : गाँउपालिकाले माग गरेको बिबरण उपलब्ध नगराएकोले योजनागत लक्ष्य प्रगतिबारे विश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>१४.</td><td>फ्रिज नगरेको :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी उल्लेख गरेको बाहेक बजेट शीर्षकको निकासा रकम खर्च नभई बाँकी रहेमा सालतमाम हुनुभन्दा कम्तिमा ७ दिन अगाडि आर्थिक कारोवार बन्द गरी कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । खर्च नभई वाँकी रहेको निम्नानुसार फ्रिज हुने रकम को.ले.नि.का.मा फिर्ता दाखिला नगरी गाँउपालिकामानै राखेको देखिएकोले उक्त रकम बेरुजु बापत संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>अनुदानको किसिम</th><th>निकासा</th><th>खर्च</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघ शसर्त अनुदान</td><td>१४४०८३२५०.००</td><td>११४६६३२९३.७८</td><td>२९४१९९५६.२२</td></tr>
<tr><td>प्रदेश शसर्त अुनदान</td><td>५००००००.००</td><td>२३२६५४०.००</td><td>२६७३४६०.००</td></tr>
<tr><td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td>२४२६०००.००</td><td>५१५८१०.००</td><td>१९१०१९०.००</td></tr>
<tr><td>सामाजिक सुरक्षा</td><td>४९२५८०००.००</td><td>४७२५५६००.००</td><td>२००२४००.००</td></tr>
<tr><td>स्थानीय पूर्वाधार</td><td>६९०००००.००</td><td>५४६८४१२.०८</td><td>१४३१५८७.९२</td></tr>
<tr><td>झोलुगे पुल</td><td>१४०००००.००</td><td>४३१११३.००</td><td>९६८८८७.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३८४०६४८१.१४</td></tr>
</table></td><td>३८४०६४८१.१४</td></tr>
<tr><td>१५.</td><td>चौमासिक खर्च :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पुँजीगततर्फ प्रथम चौमासिकमा ० प्रतिशत, दोश्रो चौमासिकमा ०.२१ प्रतिशत र तेश्रो चौमासिकमा ९९.७८ प्रतिशत रु.३३९८०८६०.०० खर्च गरेको र</td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.न.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>आषाढ महिनामा मात्र कुल खर्चको ५१.४१ प्रतिशत अर्थात १७४७१४६२.०० खर्च गरेको छ । वर्षको अन्तमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक</th><th rowspan="2">आषाढको खर्च</th></tr>
<tr><th>प्रथम</th><th>दोश्रो</th><th>तेश्रो</th></tr>
<tr><td>वित्तिय समानिकरण पूजीगत</td><td>३३९८०८६०.००</td><td>०</td><td>७२०००.००</td><td>३३९८०८६०.००</td><td>१७४७१४६२.०० </td></tr>
</table></td><td></td></tr>
<tr><td>१६.</td><td>कन्टिजेन्सी खर्च : अर्थ मन्त्रालयको ०७०।१।१४ को परिपत्र बमोजिम गाँउपालिकाले खर्च गर्ने पूँजीगत रकमको ५ प्रतिशत कन्टिन्जेन्सी मध्ये २ प्रतिशत पूजीगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले पुँजीगत खर्चको ३ प्रतिशत कन्टिनजेन्सी वापत रु ६०००००। खर्च गर्द पूँजीगत र चालु खर्च अर्थात वर्क स्टाफ चार्ज र अन्य साना तिना खर्च भनी छुटयाएर स्पष्ट अभिलेख नराखेको र उक्त खर्च नापी कितावमा समावेश नगरी बजेट खर्च लेखेको विवरण पेश भएको छ । अर्थ मन्त्रालय तथा सडक विभागले गरेको परिपत्र समेतलाई आधार लिई कार्यविधि बनाई खर्च गर्नुपर्नेमा कार्यविधि नबनाई आवश्यकता अनुसार भनी खर्च गरेको नियम सम्मत देखिएन । अतः सम्बन्धित योजनासंग आवध्द गरी नापी कितावमा चढाई १.५ प्रतिशत वर्क स्टाफ चार्ज र १.५ प्रतिशत अन्य सानातिना खर्चको अनुपात मिलाई नियमसंगत र पारदर्शीरुपमा खर्च गर्न ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१७.</td><td>निर्माण कार्य : सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सोवा प्राप्त गर्दा मितव्ययी , गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वब परियोजनाको मूख्य उदेश्यनै रोजगारीको श्रृजना गर्ने भएमा उपभोक्ता , समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिन उल्लेख छ । गाँउपालिकाले अधिकाँस याजनाहरु उपभोक्ता समिति मार्फत गराएको र ठेक्का प्रकृया नअपनाएको, उपभोक्ता समितिबाट निर्माण गरेको कार्यको गुणस्तर परीक्षण भएको पाईएन भने रोजगारी श्रृजना भएको समेत नदेखिएकोले प्रतिष्प्रर्धात्मक तरीकाले निर्माण कार्य गराउँदा मितव्ययी र गुणस्तरीय कार्य हुने र खर्चमा पारदर्शीता कायम हुन जानेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>बीमा :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम रु १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायीले निर्माण स्थल, निर्माण सामग्री र कामदारको बीमा गराउनुपर्ने व्यवस्था छ । गाँउपालिकाले सडक निर्माण, भवन निर्माण , बिद्युतीकरण लगायत सम्पूर्ण कार्यमा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराउँदा बीमा गराउने प्रावधान राखेको छैन । जोखिमयुक्त र जटिल प्राविधिक पक्ष सामवेश भएको कार्य र हेभि मेशिनरि प्रयोग गर्नुपर्ने कार्य निर्माण व्यवसायीबाट प्रतिस्पर्धाको माध्यमबाट गराउन र जोखिम बहन गर्न बीमा गराउने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>गुणस्तर परीक्षण :सार्वजनिक खरिद नयमाबली , २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्य तथा सामाग्रीको गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२०.</td><td>सवारी साधन खरिदको विवरणः- आर्थिक कार्यविधि नियमाबली, २०६४ को नियम १२३ मा नेपाल सरकारलाई दिर्घकालीन रुपमा दायित्व श्रृजना हुने सवारी साधन खरिद गर्नु पूर्व अर्थ</td><td></td></tr>
</table>

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| | मन्त्रालयको स्वीकृति लिई खरिद गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले अर्थ मन्त्रालयको स्वीकृति नलिई यस बर्ष १०वटा मोटरसाईकल र १ वटा टयाकटर रु ३७५८४९७६०मा खरिद गरेको छ । नेपाल सरकार लाई दिर्घकालिनरुपमा सवारी चालक , इन्धन खर्च, मर्मत खर्च सम्बन्धी व्ययभार पर्ने विषयमा अर्थ मन्त्रालयको सहमती लिई खरिद गर्नुपर्नेमा त्यसरी सहमती नलिई खरिद गर्नेकार्य नियमसंगत भएन ।यस प्रकारका खर्चमा नियन्त्रण गर्नु पर्दछ । | |

| क. सं | सवारी साधन | खरिद संख्या | मूल्य | प्रयोग गर्ने पदाधिकारी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ट्राक्टर खरिद | १ | १४९००००.०० | | |
| २ | यामाहा SZZ१४९ CC को मोटरसाइकल | १० | २२६८४९७.६० | | |
| | जम्मा | | ३७५८४९७.६० | | |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| २१. | **उपभोक्ता समितिको कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न गरेको कामको प्राविधिक मुल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने तथा प्राविधिक मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति, उपभोक्ता समितिको छाप लगायतका प्रमाण स्पष्ट देखिने गरी समावेश गर्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले गाँउस्तरिय तथा वडागत योजनाहरु उपभोक्ता समिति मार्फत सम्पन्न गरेकोमा अधिकाँश सम्पन्न योजनाको प्राविधिक मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदनमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति लगायतका विवरण उल्लेख नगरेको तथा उपभोक्ता समितिको छाप लगाएको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजनासँग सम्बन्धित कागजातमा उल्लेखित विवरण स्पष्टगर्नु पर्दछ । | |
| २२. | **नर्म्स, निर्देशिकाको पालना नभएको :** तालिम, गोष्ठी, सेमिनार, कार्यशाला आदि सञ्चालन गर्दा नेपाल सरकार अर्थमन्त्रालयबाट जारी भएको कार्यसञ्चालन निर्देशिका, २०७३ मा तोकिएको दरमा नबढने गरी खर्च लेख्नु पर्दछ । गाउँपालिकाले निर्देशिकामा तोकिएको खर्च मापदण्ड भन्दा बढी दरले प्रशिक्षक भत्ता, सहभागी भत्ता, तालिम सामाग्री, मंहगो दरका झोला वितरण, खाजाखानाको नर्म्स भन्दा बढीको खर्चका बिल र अनुगमन भ्रमण भत्ता तथा यातायात भत्ताका रुपमा अत्याधिक मात्रामा खर्च गरेको देखियो । कार्य सञ्चालन निर्देशिका, २०७३ तथा प्रदेश नं.२ सरकारले जारी गरेको खर्चको मापदण्डमा तोकिएको दरमा नबढने गरी गाउँपालिकाबाट खर्चको मापदण्ड निर्धारण गरी खर्चमा नियन्त्रण गर्न ध्यान दिनुपर्दछ । | |
| | **संघिय सरकार सशर्त अनुदान तर्फ :** | |
| २३. | **बढी ग्रेड भुक्तानी ,७-२०७५।६।२३,** कार्यालयले सहोर्वा स्वास्थ्यचौकी का अ.हे.व. राम नरेश यादवको तलव भत्ता भुक्तानी गर्दा तलवि प्रतिवेदन अनुसार माघ बाट ग्रेड बढनुपर्नेमा साउन देखि नै एक ग्रेड बराबरको रकम रु ७३९। ले १३ महिनाको जम्मा रु ९६०७ र संचयकोष थप रु ९६०। समेत भुक्तानी गरेको देखिएकोले असुलउपर गर्नुपर्ने रु | १०५६७.०० |
| २४. | **९-२०७५।६।२३,** कार्यलयले अघिल्लो आर्थिक बर्षको कुनै भुक्तानीबाँकी चालु आर्थिक बर्षमा भुक्तानी गर्दा अनिवार्य रुपमा म.ले.प. फारम १८, भुक्तानी दिन बाँकीको कच्चाबारी तयार गरी प्रमाणीत गराई मात्र भुक्तानी दिनुपर्दछ । अ.हे.व. राम नरेश यादवको आ.व. २०७४।०७५ को जेष्ठ र अषाढको तलव भत्ता रु ४८४३९।५१ आ.व. २०७५।०७६ मा भुक्तानी गरेकोमा भुक्तानी दिन बाँकीको कच्चाबारी तयार | ४८४३९.५१ |

<table>
<tr><th>सि.नं.</th><th>भौ.न.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>नगरी भुक्तानी गरेको अनियमित खर्च रु</td><td></td></tr>
<tr><td>२५.</td><td>सोझै खरिद :-सार्वजनिक खरिद ऐन,२०६३ के दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा संभव भएसम्म खरिद प्रकृयामा सवैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली,२०६४को नियम ८५(१) मा रु.५ लाखसम्म लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था छ। कार्यालयले ऐनको उल्लेखित व्यवस्था उपर ध्यान दिई शिलवन्दी दरभाउ पत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्नेमा वर्षभरनै सोझै खरिद विधि अपनाई खरिद गर्ने गरेकोले खरिद कार्य स्वच्छ, मितव्ययी र नियमसंगत छ भनी विश्वस्त हुन सकिएन । सोझै खरिद कार्यमा नियन्त्रण गरी शिलवन्दी दरभाउपत्र र वोलपत्र आव्हान गरी प्रतिस्पर्धा गराई मितव्ययीद र पारदर्शी रुपमा खरिदक गर्न ध्यान दिनु पर्दछ। सोझै खरिद गरेका केही उदाहरण निम्नानुसार छन:
<table>
<tr><th>गो.भौ.नं.र मिति</th><th>आपूर्तक</th><th>विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>६३-२०७५।७।१६</td><td>काठमाण्डौ आयुर्वेद डिष्ट्रिवयूटर्स</td><td>आयुर्वेदिक औषधि खरिद</td><td>७६००००.००</td></tr>
<tr><td>१८७-२०७६।३।२६</td><td>हेलपिङ मलटीपरपस प्राइभेट लिमिटेड</td><td>न्यानो झोला खरिद</td><td>४४९९९९.९०</td></tr>
<tr><td>१९०-२०७६।३।२६</td><td>लव मेडिकल हल</td><td>औषधि खरिद २ वटा बिजकबाट</td><td>६३५८००.००</td></tr>
<tr><td>१९०-२०७६।३।२६</td><td>स्वस्तिका सप्लायर्स</td><td>औषधि खरिद</td><td>११४१७५.००</td></tr>
<tr><td>१-२०७६।२।१२</td><td>NayaKiran Energy Solution Pvt. Ltd.</td><td>AH Tabular Battery ४ थान,३.५ Kva UPS १ थान , Solar Structure and Angle १थान र Solar PV Pannel ३१५ WP २ थान</td><td>४७१०७०.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२४३१०४४.९०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६.</td><td>बैठक भत्ता: प्रदेश नं. २ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७५ ले बैठक भत्ताको व्यवस्था नगरेको र कार्य सञ्चालन निर्देशिका,२०७३ मा एउटै निकाय अन्तर्गत कार्यालयका पदाधिकारी कर्मचारी मात्र बस्ने बैठकमा भत्ता दिन नमिल्ने व्यवस्था छ । गाँउपालिकाले निम्नानुसार भौचरबाट बैठक भत्ता भुक्तानी गरेको देखियो । ऐन नियममा व्यवस्था नभएको भत्ता भुक्तानी रकम कर कट्टी बाहेक असुलउपर गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भा.नं.</th><th>विवरण</th><th>भुक्तानी(कर बाहेक)</th></tr>
<tr><td>२४-०७५/९/१३</td><td>बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत गा.पा. स्तरीय खाद्य सुरक्षा निर्देशक समितिको बैठक बापत गा.पा. अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु ११ जना र कर्मचारीहरु १५ जनाले रु.१०००।०० का दरले बुझेको बैठक भत्ता</td><td>२१२५०.००</td></tr>
<tr><td>१९६-०७६/३/३१</td><td>स्थानीय जडीबुटी परिचयात्मक कार्यक्रम तथा लगत संकलन कार्यक्रम २०७६।२।५ मा गा.पा. उपाध्यक्ष, प्र.प्र.अ, लेखापाल तथा अन्य कर्मचारी गरी १३ जनाले रु.१०००।०० का दरले बुझेको बैठक भत्ता</td><td>२१४२०.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४२६७०.००</td></tr>
</table></td><td>४२६७०.००</td></tr>
<tr><td>२७.</td><td>यातायात खर्च: कार्यलयले गाँउपालिका भित्र भएको बिभिन्न कार्यक्रममा उपस्थित भएका कार्यालयका कर्मचारी र पदाधिकारीलाई लाग्ने भन्दा बढी दरमा यातायात खर्च भुक्तानी गरेको देखियो । कार्यालयले</td><td>५२६००.००</td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.न.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>कर्मचारी र पदाधिकारीहरुलाई इन्धन तथा सबारी साधनको सुविधा दिएकोले गाँउपालिकाभित्र भएको कार्यक्रममा जाँदा आँउदा यातायात खर्च दिने कार्य दोहोरो सुविधा हुने हुँदा असुलउपर गर्नुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१९६-०७६/३/३१</td><td>२०७६।२।६ गते स्थानीय जडीबुटी परिचयात्मक कार्यक्रम तथा लगत संकलन कार्यक्रम अन्तर्गत रतौली आयुर्वेद औषधालयमा सञ्चालित कार्यक्रममा गा.पा. कै कर्मचारी तथा पदाधिकारीले जम्मा २० जनाले ४००।०० का दरले बुझेको यातायात खर्च र २०७६।२।७ गते वडा नं. ७ बनौलीमा सञ्चालन भएको कार्यक्रममा गा.पा. कै कर्मचारी तथा पदाधिकारीले जम्मा २० जनाले ४००।०० का दरले बुझेको यातायात खर्च</td><td>१६०००.००</td></tr>
<tr><td>१६-०७५/१२/२०</td><td>बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत वडा स्तरीय(१ देखि ७ सम्म प्रत्येक बैठकमा १२ जना) खाद्य सुरक्षा निर्देशक समितिको बैठकमा सहभागि वडा अध्यक्ष तथा कर्मचारीहरुले लिएको यातायात खर्च</td><td>३३६००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८.</td><td>प्रशिक्षक भत्ता: गाँउपालिकाले कुनै पनि कार्यक्रम , तालिम तथा गोष्ठी गर्दा कार्यक्रम सञ्चालन निर्देशिका,२०७३ अनुसारको प्रशिक्षक, सहजकर्ता तथा संयोजक भत्ता भुक्तानी गर्नुपर्नेमा निम्नानुसारको कार्यक्रममा प्रशिक्षक, संयोजक तथा सहजकर्ताहरुलाई नर्म्स भन्दा बढी दरले भत्ता भुक्तानी गरेकोले असुलउपर गर्नुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं.</th><th>विवरण</th><th>रकम(कर बाहेक)</th></tr>
<tr><td>२६।०७६।३।२५</td><td>बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत गर्भवती महिलाहरुको लागि सुरक्षित मातृत्व र पोषण सम्बन्धी तालिममा प्रशिक्षण बापत प्र.प्र.अ.लाई ३ दिन, लेखापाल २ जनालाई १ दिन ५९५।०० का दरले र का.स. कर्मचारीलाई७ दिनको २५५।०० का दरले र स्वा.सं ले ७ दिनको ५९५।०० को दरले, जिल्ला संयोजकलाई २ दिन ४००।०० का दरले पोषण संयोजकलाई७ दिनको ४००।०० को दरले प्रशिक्षण भत्ता भुक्तानी गरेको</td><td>१४२२५.००</td></tr>
<tr><td>२४।०७६।३।२४</td><td>बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत विद्यार्थीहरुलाई पोषाण कक्षा सञ्चालन गरे बापत बापत प्र.प्र.अ.लाई ४ दिन, लेखापाल लक्ष्मेश्वर ठाकुरलाई ४ दिन, लेखापाल शत्रुधन ठाकुरलाई १ दिन, स्वा.संयोजक शम्भु कुमार मिश्र २ दिन, संयोजक रवि विक्रम शाह १८ दिन र राजकिशोर झालाई २ दिन ५९५।०० का दरले भत्ता भुक्तानी गरेको</td><td>२९४३०.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४३६५५.००</td></tr>
</table></td><td>४३६५५.००</td></tr>
<tr><td>२९.</td><td>कर कट्टी : कार्यालयले युनिसेफ र डि.वास.सी.सी को सहयोगमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय महोत्तरीद्धारा संचालित खुला दिसामुक्त अभियान शिविरमा काम गरेवापत १५जना लाई रु ३३३४।को दरले जम्मा रु ५००००। भुक्तानी गर्दा नियमानुसार कट्टा गर्नुपर्ने अग्रिमकर १५ प्रतिशत रु७५००। कट्टा नगरी भुक्तानी दिएकोले छुट कर रकम असुलउपर गर्नुपर्ने रु</td><td>७५००.००</td></tr>
<tr><td>३०.</td><td>१९६।०७६।३।३१: कार्यलयले बिभिन्न कार्यक्रममा प्रशिक्षण गरेवापत र सहभागि भएबापत कार्यसञ्चालन निर्देशिका २०७३अनुसार भुक्तानी गनुपर्दछ । कार्यालयले विद्यालयमा आयुर्वेद तथा योग शिक्षा कार्यक्रम तालिम वापत प्रशिक्षकलाई नर्म्स भन्दा बढी भुक्तानी गरेकोले बढी भुक्तानी</td><td>१२०००.००</td></tr>
</table>

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| | रकम असुलउपर गर्नुपर्ने रु. | |

| क.सं. | नाम र पद | भुक्तानी दर | तोकेको दर | दिन | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १. | योग प्रशिक्षक अनिल कुमार शाह | २०००.०० | १५००.०० | ४ | २०००.०० |
| २. | ब.क.नि. उमेश प्रसाद साह | २०००.०० | १५००.०० | ४ | २०००.०० |
| ३. | ब.क.नि. मनोज कुमार पाण्डे | २०००.०० | १५००.०० | ४ | २०००.०० |
| ४. | ब.क.नि.दिपक लाल कर्ण | २०००.०० | १५००.०० | ४ | २०००.०० |
| ५. | कविराज रेखा कुमारी साह | २०००.०० | १५००.०० | ४ | २०००.०० |
| ६. | कविराज बंशिधर शर्मा | २०००.०० | १५००.०० | ४ | २०००.०० |
| | जम्मा | | | | १२०००.०० |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| ३१. | **अनुगमन भत्ताः** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम ८ मा कार्यालय देखि १५ कि.मि भित्र आफ्नो वा आफ्नो परिवारको नाममा स्थायी बसोवास भएको पदाधिकारी वा कर्मचारीले त्यस्तो क्षेत्रमा भ्रमण वा काजमा रहँदा दैनिक भत्ता र होटल बास खर्च नपाउने व्यवस्था छ । गाँउपालिकाले गाँउ क्षेत्र भित्र सञ्चालित योजनाहरुको अनुगमन गरेको भनि गाँउपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कर्मचारीहरुलाई निम्नानुसार रु८९५५०.००अनुगमन भत्ता भुक्तानी गरेको देखियो । गाँउपालिकाको योजना सञ्चालन र गुणस्तर कायम गर्न गराउन अनुगमन, निरीक्षण गर्नुपर्ने नियमित कार्यमा गा.पा. क्षेत्रमा खटिएका पदाधिकारी तथा कर्मचारीलाई अनुगमन भत्ता दिन नमिल्ने हुँदा कर कट्टी बाहेक सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु. | ८९५५०.०० |

| **गो.भौ.नं.** | **विवरण** | **अनुगमन भत्ता(कर बाहेक)** |
|---|---|---|
| ८१-२०७५।१२।२० | सवै स्वास्थय संस्थाहरु मिति २०७५।९।८ देखि २०७५।९।१२ सम्म अनुगमन गरे वापत ५ दिनको प्र.प्र.अ. रंजित झा , लेखापाल लक्षमेश्वर ठाकुर, स्वा. स्योजक शिव बिक्रम शाह र स्वा.सह संयोजक शम्भु कुमार मिश्रलाई रु १०००। का दरले ५ दिनको रु ५०००। ले ४ जनाको अनुगमन भत्ता | २००००.०० |
| | सवै स्वास्थय संस्थाहरु मिति २०७५।७।५ देखि २०७५।७।९ सम्म अनुगमन गरे वापत ४ दिनका लेखापाल लक्षमेश्वर ठाकुर, स्वा. संयोजक शिव बिक्रम शाह र स्वा.सह संयोजक शम्भु कुमार मिश्रलाई ४ दिनको रु ४८५०। ले ४ जनाको अनुगमन भत्ता | १४५५०.०० |
| १७२-२०७६।३।२५ | पोषण कार्यक्रमको अनुगमन तथा सुपरभिजन रकम कार्यालयका बिभिन्न कर्मचारीलाई भुक्तानीमा कुन कति कर्मचारीलाई भुक्तानी गरेको नखुलेको | ५५०००.०० |
| | जम्मा | ८९५५०.०० |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| ३२. | सार्वजनिक खरिद नियमावलि २०६४को नियम ८५(४)मा सार्वजनिक निकायले एक लाख रुपैया भन्दा बढीको मालसामान सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण | २५०२९५.०० |

<table>
